गाउँ सभाबाट स्वीकृत मिति :- २०७६/०३/१०

# मेरिङदेन गाउँपालिकाको

# आव ०७६/०७७ को बार्षिक निति तथा कार्यक्रम

## मेरिङदेन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## सान्थाक्रा, ताप्लेजुङ

## मेरिङदेन गाउँपालिकाको आगामी आव ०७६/०७७ को बार्षिक निति तथा कार्यक्रम

### बक्तव्य

देश लामो समयसम्मको शान्तिपूर्ण तथा सशस्त्र राजनैतिक-सामाजिक आन्दोलनको फलस्वरुप संघीय शासन प्रणालीको जगमा टेकेर ऐतिहासिक अविकास र पछौटेपनको श्रृङ्खलाबाट उन्मुक्ति पाउने आशाका साथ समृद्धि तथा समुन्नतिको समुज्वल गन्तव्यतर्फको प्रस्थान बिन्दुमा उभिएको छ । मुलुक आजको अवस्थासम्म आइपुग्नु भनेको सम्पूर्ण जनताको परिवर्तनप्रतिको तीव्र मोह तथा व्यग्र आकुलताको साथै देशको शासन प्रणालीमै कायापलट ल्याउने गरी आफ्नो अमूल्य जीवन दाउमा राख्ने एवं उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात/अज्ञात सहीदहरु र अन्य योद्धाहरुको उच्च त्याग र संघर्षको प्रतिफल हो । त्यसैले, मेरिङदेन गाउँपालिका वहाँहरु प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक नमन गर्न चाहन्छ ।

नेपालको संविधानले अंगिकार गरेको राष्ट्र तथा राज्य निर्माणको मार्गमा मेरिङदेन गाउँपालिकाले अग्रगामी कदमहरु निरन्तर रुपमा चलायमन पार्ने प्रतिवद्दतालाई आत्मसात गर्दै स्थानीय सरकारको प्रत्याभूत जनस्तरमाझ पुर्‍याउने कार्यको आरम्भ गरेको छ । अबको समयमा सबल, सक्षम र प्रभावकारी स्थानीय तहको अवधारणालाई सार्थकता प्रदान गर्न आफ्नो ठाउँ आफैं बनाऊ भन्ने मुलमन्त्रलाई समेत ह्रदयङ्गम गर्दै गाउँपालिकाले नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ ।

विभिन्न विषयगत समितिहरुको प्रतिवेदन, राजस्व परामर्श समितिको प्रतिवेदन, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन तयार पार्ने क्रममा निरन्तर बहस, छलफल, अध्ययन, अनुसन्धान, पक्ष प्रभाव, विश्लेषण, संश्लेषण लगायतका कार्यमा अहोरात्र आफ्नो समय दिनुहुने विषय विशेषज्ञहरु, राय परामर्शदाताहरु सहित सम्पूर्ण समितिमा रहनुहुने संयोजक एवं सदस्यहरुको साधनाबाट यस घडीमा बजेट तर्जुमा समितिले मेरिङदेन गाउँपालिकाको धरातल सापेक्ष नीति, कार्यक्रम तथा बार्षिक बजेट यस गरिमामय सभामा पेश गर्न सफल भएको छ । यस वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटले हरसम्भव नेपाल सरकारको राष्ट्रिय नीति, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्दताहरु, दिगो विकास लक्ष्यहरु, अदालतबाट प्रतिपादित न्यायिक नजिरहरु, नेपाल सरकारले आवधिक योजनाले तय गरेको आधारशिलाहरु, नेपालको संविधानले दिएको मार्गचित्रहरु, एक्काइसौं शताब्दीका युगसापेक्ष मामिलाहरु समेतलाई समेट्ने प्रयास भएको छ । तसर्थ यस नीति, कार्यक्रम तथा बजेटले मेरिदेन गाउँपालिकाको बहुआयामिक मामिलाहरुलाई शतप्रतिशत समेट्न सफल भएको छ भन्ने कुरामा विश्वस्त रहेको छु ।

समुन्नत र समृद्ध गाउँपालिकाको निर्माणको लागि सबै विचारधाराका निर्वाचित जनप्रतिनिधिहरु, विकास साझेदार तथा सरोकारवालाहरु, स्थानीय वुद्धिजिवीहरु, पेशाकर्मी, नागरिक समाज, दबाब समूह, शिक्षकवर्ग, विद्यार्थीहरु, सञ्चारकर्मीहरु, सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, दातृ निकायहरु, अन्तर्राष्ट्रिय संघ संगठनहरु, श्रमिक वर्ग, व्यवसायी, जनसमूदायहरु एउटै तर विशाल पृष्ठभूमिमा उभिनुको अर्को सर्वोत्तमम विकल्प

छैन । हालसम्म हामीले गरेको तसर्थ "**मेरिङदेनको पहिचान, समृद्धीको पहिचान**" भन्ने मूल नारालाई सार्थकता प्रदान गर्न यस मेरिङदेन गाउँपालिकाले तय गरेको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सबैको आ-आफ्नै ठाउँबाट सद्प्रयासको अपेक्षा राखेको छु ।

**सभाअध्यक्ष ज्यू**

अव म आगामी आर्थिक बर्षमा मेरिङदेन गाउँपालिकाले अंङ्गिकार गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रमहरुलाई यस गरिमामय सभामा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

## पूर्वाधार विकास सम्बन्धी नीति-

१. उच्च प्रतिफल युक्त, ठूला एवं आर्थिक सामाजिक दृष्टिकोणले महत्वपूर्ण पूर्वाधारमा प्राथमिकताका साथ लगानी केन्द्रित गरिनेछ ।

२. मेरिङदेन सडक सञ्जालमा जोडिने सम्पूर्ण सडकहरुको क्षेत्राधिकार तथा स्ट्याण्डर्ड चौडाइ निर्धारण गरी कार्यान्वयन गरिनेछ । गाउँपालिकाका सबै वडालाई सडक सञ्जालमा जोडी बाह्रै महिना यातायातको पहुच पुर्याउनका लागि नयाँ सडक निर्माणका साथसाथै सडक स्तरोन्नतिलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिईनेछ ।

३. गाउँसभाबाट स्वीकृत भएको पुर्वाधार तर्फका कार्यक्रमहरुलाई समयमा नै सम्पन्न गर्नका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

४. स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै अधिकतम जनसहभागिता जुट्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति लिईनेछ । आगामी आर्थिक बर्षमा हेवी इक्विपमेन्ट प्रयोग गरिने भौतिक पुर्वाधारका योजनाहरु उपभोक्ता समितिहरुबाट सञ्चालन गर्दा १० प्रतिसत नगद लागत जनसहभागिता अनिवार्य गरिएको छ भने अन्य योजनाहरुको हकमा १५ प्रतिसत जन श्रमदान जुटाउने नीति अवलम्बन गरिनेछ ।

५. उपभोक्ता समितिहरुलाई योजना तथा कार्यक्रम सञ्चालनमा सहजता ल्याउनका पाँचलाख भन्दा माथिका योजनाहरु सञ्चालन गर्नका लागि नियमानुसार पेश्की उपलब्ध गराउने नीति अलवम्बन गरिने छ ।

## स्वास्थ्य सम्बन्धी नीति

६. गाउँपालिका क्षेत्रभित्रका सानो उमेरका बालबालिका, अपाङ्गता भएका व्यक्ति, अशक्त एवं ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी **'घर नै अस्पताल : घरमै डाक्टर'** भन्ने नाराका साथ प्रत्येक घरमा समय-समयमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने नीति लिइनेछ । ७० बर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आधारभूत स्वास्थ्य परिक्षण तथा औषधोपचार गरिने निति लिइनेछ ।

७. गर्भवती तथा सुनौलो हजार दिनको मापदण्ड भित्र पर्ने **न्यूनतम पोषण भत्ता** प्रदान गर्ने नीति लिइनुका साथै स्वास्थ्य संस्थाहरुमा आमा तथा बच्चाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ । नेपाल सरकारद्वारा स्वीकृत बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ । संस्थागत प्रसुति सेवालाई प्रभावकारी बनाउन ZERO HOME DELIVERY को नितिलाई यस बर्ष पनि निरन्तरता दिइनेछ ।

८. गाउँपालिकाको केन्द्रमा १५ शैय्याको अस्पताल निर्माणको लागि आवश्यक पहल गरिनेछ । सो व्यवस्था नहुन्जेलसम्म गाउँपालिकाको केन्द्रमा रहेको स्वास्थ्य संस्थामा सुविधासम्पन्न प्रयोगशाला (Laboratory) स्थापनाको लागि तदारुकता देखाइनेछ ।

९. महिला स्वास्थ्य स्वयमसेविकाहरुको लागि क्षमता विकास तथा प्रोत्साहनका लागि विशेष व्यवस्था गरिनेछ । जसका लागि महिला स्वास्थ्य स्वयमसेविका खाजा तथा सञ्चार खर्चको लागि प्रति वैठक रु ५०० का दरले प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## १०.**शिक्षा सम्बन्धी नीतिहरु-**

११.अन्तर्क्रिया तथा छलफल लगायतका क्रियाकलापलाई आगामी आर्थिक वर्षदेखि सञ्चालन गरिनेछ साथै **विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक तथा विद्यार्थीहरुलाई शैक्षिक** अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२.असहाय टुहुरो बालबालिकाहरुलाई विद्यालयको पहुँचमा पुऱ्याई विद्यालय भर्नादर सतप्रतित पुऱ्याउनका लागि विशेष शैक्षिक प्रोत्साहन कार्यक्रम सञ्चालन प्रतिव्यक्ति मासिक रु ५०० को व्यवस्था गरिएको छ ।

१३.सबै विद्यालयहरुलाई बालमैत्री विद्यालय बनाउनका आवस्यक पूर्वाधार निर्माण तथा शैक्षिक गतिविधीहरु सञ्चालन गर्नका लागि आवस्यक व्यवस्था मिलाईनेछ ।

१४.गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा अनिवार्य अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

१५.गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको विद्यालयहरुको गतिविधिहरुमा एकरुपता ल्याउनका लागि शैक्षिक क्यालेन्डर तयार गरी सोही बमोजिमको कार्यक्रमहरु सञ्चालन गरिने साथै गुणस्तरीय शिक्षाका लागि परिक्षा प्रणालीलाई व्यवस्थित बनाई गाउँपालिका स्तरीय परिक्षा सञ्चालन गरिनेछ ।

१६.उमेर पुगेका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गराउने र विद्यार्थीहरुको कक्षा छाड्ने दरलाई शुन्य बनाउनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । चालु आर्थिक बर्षमा वडा नं. १ थिङलाबुको श्री कनका आधारभूत विद्यालयमा **दिवा खाजा** कार्यक्रमसञ्चालन गरिनेछ ।

१७.शैक्षिक विकासका लागि गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दीको पुनरावलोकन गरनेछ । विद्यार्थीको आधारमा शिक्षक दरवन्दी कायम गरिने नीतिलाई कडाईका साथ लागु गरिनेछ । कम दरबन्दी भएका विध्यालयहरुमा निजि शिक्षकहरुको व्यवस्था गरिनेछ ।

१८.स्थानीय स्तरमै दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि श्री त्रिभुवन माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षालय स्थापना गरिनेछ ।

१९.स्थानीय भाषा तथा संस्कृतिको संवर्द्धन र सिकाइमा Mother Tongue को महत्वलाई मध्यनजर गर्दै स्थानीय **मातृभाषाको पढाइ**लाई पनि प्रोत्साहन गर्न आवश्यक व्यवस्था गरिने छ ।

२०.गत बर्ष देखिकै नमूना विद्यालय बनाउने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

## युवा तथा खेलकुद सम्बन्धी नीति-

२१.खेल क्षेत्रको विकासका लागि खेलाडी छनौट तथा प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन **मेरिङदेन गाउँपालिका अध्यक्ष रनिङ कप** प्रतियोगितालाई निरन्तरता दिइनेछ।

२२.**'युवाका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद'** भन्ने मूल नाराका साथ प्रत्येक वडामा खेलकुद सम्बन्धी भौतिक पूर्वाधार निर्माणका अतिरिक्त खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२३.गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ।

## कृषि सम्बन्धी नीति-

२४.कृषकहरुको घरमै गई समस्या बुझ्न तथा बजार व्यवस्थापन गर्न **'घरघरमा जे.टि.ए.** कार्यक्रम सञ्चालन गरिनेछ।

२५.तरकारीमा आत्मनिर्भर बनाउनका लागि गाउँपालिकाको कृषकहरुलाई निश्चित प्रतिशतमा अनुदान दिन "एक घर एक करेसावारी कार्यक्रम" लाई निरन्तरता दिईनेछ।

२६.कृषि पकेट, ब्लक, जोनरग श र सुपरजोनको अवधारणालाई व्यवहारिक रुपमै कार्यान्वयन गर्नका मेरिङदेन गाउँपालिकाको १ नं. वडालाई अलैची र अम्लिसो, २ नं. वडालाई टमाटर, लिचि र किवि , ३ नं. वडालाई कफी र कागति, ४ नं. वडालाई सुन्तला र अकबरे खोर्सानी ५ नं. वडालाई किवि र सुन्तला, ६ नं. वडालाई आलु र मकैको कृषि पकेट क्षेत्रको रुपमा घोषणा गरी तोकिएको कृषि उपज उत्पादनका लागि गाउँपालिकाबाट ५० प्रतिसतसम्म अनुदानको व्यवस्था मिलाईनेछ।

२७.गाउँपालिका भित्रका उत्कृष्ट कृषक तथा उद्यमी छनौट गरी पुरस्कार प्रदान गरि उत्प्रेरित गर्ने नीति क्रमशः कार्यान्वयन गरिँदै जानेछ। गाउँपालिका क्षेत्रमा कृषि उत्पादनलाई व्यवसायिकरण गर्नका लागि "अन्तर जिल्ला अगुवा कृषक अवलोकन भ्रमण" कार्यक्रम सञ्चालन गरिनेछ।

२८.तरकारीजन्य खेतीको लागि सिँचाईको सुविधा गर्न सम्भव भएसम्म पक्की पोखरी वा कम्तीमा प्लाष्टिक पोखरी बनाउने नीति लिइनेछ। सुख्खा ठाउँमा तरकारी तथा फलफूल खेतीलाई प्रवर्द्धन गर्न थोपा सिँचाई प्रणाली अवलम्बन गरिँदै जानेछ।

२९.गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादन संकलनका लागि **'कृषि उपज संकलन केन्द्र"** स्थापना गरी सो को व्यवस्थापनका लागि स्थानीय कृषि सहकारीहरुलाई जिम्मेवारी दिइनेछ।

३०.व्यवसायिक फलफुल तथा बोटविरुवा जडिबुटीको प्रवर्दन गर्नका लागि वडा नं. ६ मा नर्सरी स्थापना गरिनेछ।

## सहकारी सम्बन्धी नीति

३१.गाउँपालिका क्षेत्र भित्रका सहकारीहरुलाई व्यवस्थित बनाउनका लागि सहकारी प्रवर्दन तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ।

३२.गाउँपालिकामा दर्ता भएको सबै प्रकारको सहकारीहरुको नियमन गर्ने कार्यलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ।

## पशु सम्बन्धी नीति-

३३. दुग्धजन्य तथा मासु जन्य पशुहरुको नश्ल सुधार कार्यक्रम, गोठ सुधार कार्यक्रम, व्यवसायिक पशु फर्म स्थापना जस्ता कार्यक्रम लागू गरिनेछ।

३४. पशु आहारको लागि हिउँदे तथा वर्षे घाँसको बिऊ वितरण तथा उत्पादनलाई प्रोत्साहित गरिनेछ।

३५. पशुपालकहरुको समस्या बुझ्न तथा बजार व्यवस्थापन गर्न "**घर घरमा जे.टि.ए. भेटेरेनरी**" कार्यक्रम सञ्चालन गरिनेछ।

## पर्यटन सम्बन्धी नीति

३६. गुराँसे पोखरी, इस्वानेम्बा पोखरी, तीन पोखरी, सिवा झरनी, बन्दुके पोखरी, अन्लुङदेन, सुम्बाडाँडा, घुमाउने पाताल राते ओडार जस्ता क्षेत्रलाई विशेष पर्यटकीय स्थलको रुपमा विकास गर्न पहल गरिनेछ।

३७. आन्तरिक तथा बाह्य प्रर्यटक भित्र्याउन जैविक-पर्यटन प्रवर्द्धनका लागि "**सुर्मा- देवलडाडा-कागोने मयुर संरक्षण क्षेत्र**"को घोषणा गरिनेछ। मयुर संरक्षणलाई सामाजिक, सांस्कृतिक आख्यान सँग जोड्ने, प्रचार-प्रसार गर्ने, आहार व्यवस्थापन तथा प्रजनन केन्द्रको स्थापना, रेखदेख र संरक्षण गरी "**मयुर हेरालु**" समेतको व्यवस्था गरिनेछ।

## भवन सम्बन्धी नीति

३८. भुकम्प प्रतिरोधी घर निर्माणका लागि सिकर्मी डकर्मीहरुका लागि तालिमको व्यवस्था गरिनेछ।

३९. घर नक्सापास तथा अभिलेखिकरण गर्नका लागि आवस्यक व्यवस्था गरिनेछ।

## सामाजिक सुरक्षा सम्बन्धी नीति

४०. गाउँपालिका भित्रका रहेको जेष्ठ नागरिकहरुका जिवनयापनमा सहजता ल्याउनका लागि आवास निर्माण कार्यक्रम सञ्चालन गरिनेछ। चालु आर्थिक बर्षमा मेरिङदेन गाउँपालिका वडा नं. ३, ४ र ६ मा एउटा/एउटा आवास गृह निर्माणका लागि आवस्यक बजेटको व्यवस्था गरिनेछ।

४१. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित बनाउन बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति अवलम्बन गरिनेछ।

४२. हरेक बर्ष ज्येष्ठ नागरिक दिवसका दिन गाउँपालिका भित्रका सबैभन्दा जेष्ठ पुरुषलाई "**गाउँपिता**" र ज्येष्ठ महिलालाई "गाउँमाता" को उपमाबाट सम्मान गरिने तथा ज्येष्ठ नागरिकहरुको सुखद, सम्मानपूर्ण, मर्यादित जिवनयापनमा हौसला प्रदान हुने सम्मान कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४३. अति असक्त विपन्न नागरिकहरुका लागि **जस्तापाता छाना कार्यक्रम** ल्याईनेछ।

## संस्थागत क्षमता विकास

४४. जननिर्वाचित पदाधिकारी र कर्मचारीतन्त्रबीचको सुमधुर सम्बन्धलाई आपसी हातेमालो मार्फत् अझ प्रगाढ बनाउँदै सामूहिक प्रयत्नबाट विकासका अपेक्षित प्रतिफल हासिल गर्नका लागि **'प्रशासन र राजनीति : प्रतिस्पर्धी होइन साथी'** को नीति लिइनेछ।

४५. जनप्रतिनिधीरहरुको सुरक्षा र आकस्मिक एवं जटिल प्रकारका रोगहरुद्वारा सिर्जित स्वास्थ्य समस्या समाधानको लागि गाउँपालिकाको आर्थिक क्षमतालाई मध्यनजर गरी स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ।

४६.प्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक व्यवस्था गरिएको छ।

४७.प्रत्येक जनप्रतिनिधिहरुको लागि रु.१० लाख बराबरको म्यादि जिवन विमाको व्यवस्था गरिनेछ।

४८.कर्मचारीहरुको अभावले सेवा प्रवाहमा परेको जटिलतालाई मध्यनजर गरी मेरिङदेन गाउँपालिकामा कर्मचारीहरुको आकर्षण बढाउनका तथा  कार्यरत कर्मचारीहरुको कामको बोझको मूल्याङ्कन गर्दै कर्मचारीलाई खाजा खर्चको व्यवस्था गरिनेछ।

४९.गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयमा स्थायी तथा करारमा नियुक्त हुने कर्मचारीहरुको सेवामा सुरक्षा प्रदान गर्न प्रत्येक कर्मचारीहरुको तलवबाट नियमानुसार १० प्रतिसत रकम कट्टा गराई सोही बराबरको रकम गाउँपालिकाबाट थप गरी **'कर्मचारी सञ्चय कोष'** मा जम्मा गर्ने व्यवस्था गरिनेछ।

५०.म्याद गुज्रेका औषधि, खाद्यपदार्थ एवं पेय पदार्थबाट मानव स्वास्थ्यमा हुने हानिलाई रोक्न नियमित रुपमा बजार अनुगमनको व्यवस्था मिलाइनेछ।

५१.**"गरौ मेल मिलाप, नगरौ विलाप"** अभियान सञ्चालन गर्न न्यायिक समिति, सुचिकृत मेलमिलाप कर्ताको तथा सरोकारवालाहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५२. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै गाउँपालिका क्षेत्रभित्रका सानो उमेरका बालबालिका, अपाङ्गता भएका व्यक्ति, अशक्त एवं ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी समय-समयमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने नीति लिइनेछ।

५३. गाउँपालिका क्षेत्रभित्रका माङहिम, मन्दिर, गुम्बा, चर्च जस्ता धार्मिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गर्न विशेष पहल गरिनेछ र हाल कायम विविध धर्म तथा जातजातिबीचको उच्चकोटीको एकता एवं सामाजिक सदभावलाई निरन्तरता दिने एवं प्रवर्द्धन गर्ने नीति लिई व्यावहारिक रुपमा कार्यान्वयन गरिनेछ।

५४.लामो समयदेखि कुनै न कुनै रुपमा गरीबी, उत्पीडन, उपेक्षा, छुवाछुत र भेदभावको शिकार भई अन्यायमा परेका वर्ग, जाति तथा समुदायको शिर उठाउन **समतामा आधारित समानताको नीति** लिई आगामी २ बर्षभित्रमा मेरिङदेन गाउँपालिकालाई **"जातीय भेदभाव तथा छुवाछुत मुक्त गाउँपालिका घोषणा"** गर्नका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५५. "मैले तिरेको कर, गाउँपालिकाको भर" भन्ने नारालाई स्थापित गर्न गाउँपालिकाको आन्तरिक स्रोतलाई व्यवस्थापन गरिनेछ। जसका लागि करको दायरालाई फराकिलो बनाउँदै कर प्रणालीलाई चुस्त, दुरुस्त, व्यवस्थित र बैज्ञानिक बनाउन आवस्यक व्यवस्था मिलाईनेछ। राजश्व संकलनलाई समेत वडागत बजेट विनियोजनको आधार बनाइनेछ।

५६.सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा कर्मचारी, जनप्रतिनिधिहरुको मनोबल उच्च बनाउन प्रत्येक बर्ष उत्कृष्ट शिक्षक, उत्कृष्ट कर्मचारी, उत्कृष्ट स्वास्थ्य कर्मी छनोट गरी पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

५७.लैङ्गिक हिंशा न्युनिकरणका लागि सरोकारवालाहरुको सहकार्यमा आवस्यक कार्यक्रम सञ्चालन गर्दै लगिनेछ। बाल विवाह, बहु विवाह, अनमेल विवाह, छुवाछुत प्रथा, लैङ्गिक हिंसा जस्ता समाजका कुरिति, कुसंस्कारहरुलाई अन्त्य गर्नका लागिप वडा कार्यालय, विद्यालय, बालक्वलहरुलाई परिचालन गरिनेछ।

५८.लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक मूलप्रवाहीकरण र महिला सहभागिता वृद्धि, महिला हिंसा तथा बालविवाह न्यूनिकरण गर्ने नीतिलाई विशेष प्रोत्साहन गरिने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५९.**"मेरिङदेनका महिला, विकासमा पहिला"** भन्ने मूल नारालाई व्यवहारमा लागु गरिनेछ । सवै वडाहरुमा महिला सञ्जालहरु गठन गरी महिला सशक्तिकरण, क्षमता विकासका लागि आवस्यक कार्यक्रमहरु तय गरी विकासमा महिलाको योगदानलाई बृद्धि गरिनेछ ।

## सुशासन सम्बन्धी नीति

६०.गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट हुने प्रवाह हुने सेवाको गुणस्तर अभिवृद्धि गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनको लागि अत्यावश्यक शासकीय पूर्वाधारहरुको विकास गर्दै लगिनेछ र हस्तलिखित कागजातलाई पूर्णतया हटाएर क्रमशः कम्प्युटरमा आधारित कार्यप्रणाली तथा डाटाबेसको निर्माण गर्दै गाउँपालिकालाई **विद्युतीय शासनयुक्त** बनाउनको लागि आवश्यक व्यवस्था गरी लागू गरिनेछ ।

६१. कानुन निर्माण तथा सोको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यक कदम चालिनेछ ।

६२.गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।

## विपद्सम्बन्धी नीति

६३. भू-क्षय, बाढी-पहिरो, आगलागी, भु-कम्प, हुरीबतास, असिना, हिमपात, चट्याङ् जस्ता प्रकोप एवं तिनीहरुबाट हुने क्षति न्यूनीकरण गर्न आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ र गाउँपालिकामा एउटा रु १० लाखको **'प्रकोप व्यवस्थापन कोष'** तत्काल खडा गरिनेछ ।

६४.वृक्षरोपण लगायतका क्रियाकलापहरुको संख्या तथा बारम्बारता वृद्धि गरिनेछ । जलप्रवाहको उच्च जोखिमयुक्त क्षेत्रमा बाँध तथा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

६५.विपदबाट हुने क्षतिहरुलाई न्युनिकरण गर्न स्थानीय स्तरमा विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना, खोज, उद्दार, राहत सामाग्रीको भण्डार, वितरण तथा समन्वय गरी विपद् जोखिम क्षेत्रहरुको पहिचान तथा बस्तीहरुको नक्साङ्कन गरी सुरक्षित स्थानान्तरणको नीति अवलम्बन गरीनेछ ।

६६.वाढी तथा पहिरोलाई रोकथाम गर्दै क्षतिको न्यूनिकरणका लागि तटबन्ध निर्माण, बृक्षारोपन अभियान सञ्चालन गरी पहिरो नियन्त्रण तथा व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## <u>बन तथा वातावरण सम्बन्धी नीति</u>

६७.गाउँपालिकाबाट सञ्चालन गरिने भौतिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्दा वातावरण मैत्री बनाउन आवस्यक नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

६८.विकास निर्माण कार्यमा IEE, EIA लाई अनिवार्य गरिएको छ ।

६९.भौगोलिक, धरातलीय, आर्थिक एवं प्राविधिक दृष्टिकोणले उपयुक्त, प्राकृतिक प्रकोपको जोखिम रहित र भविष्यमा गएर व्यवस्थित सहरीकरण हुन सक्ने स्थानहरुको पहिचान गरी एकिकृत बस्ति विकास योजना सञ्चालन गरिनेछ ।

७०.प्राकृतिक वातावरणमा हुर्केका माछाहरुको संरक्षण गरी दिगो उपयोग गर्न खोलामा करेन्ट लगाएर माछा मार्ने कार्यलाई दण्डनीय बनाई आवश्यक कारवाही गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिका क्षेत्र भित्रका खोला तथा खोल्साबाट अनियन्त्रित रुपमा माछा मार्ने प्रणालीलाई नियन्त्रण गर्दै त्यसबाट हुने लाभलाई गाउँपालिकाको करको दायरा भित्र ल्याउन आवस्यक व्यवस्था मिलाईनेछ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीति**

७१.फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानी शुद्धीकरण गरेर मात्र पिउने, सरसफाइमा ध्यान दिने संस्कारको विकास गर्न **'सफा र स्वच्छ खानपान, मेरिङदेनको शान'** को नारा अगाडि सारी त्यसलाई मूर्तरुप दिनका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ।

७२.सवै विद्यालयहरुमा स्वच्छ खानेपानी सरसफाईको लागि आवस्यक व्यवस्था मिलाईनेछ।

७३.स्वास्थ्य नै मानिसको धन हो भन्ने उक्तिलाई सार्थिक बनाउन विद्यालय, स्वास्थ्य संस्थामा स्वस्फुर्त रुपमा मासिक सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ।

७४.खानेपानी व्यवस्थापनका लागि खानेपानी निर्माण, मर्मत संभारका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

७५.जलधार, सिमसार तथा खानेपानीको मुहान संरक्षण गरी दिगो रुपमा सवै जनतालाई खानेपानीको पहुँच पुऱ्याउन आवस्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७६.यस अघिको गाउँ सभाहरुले तय गरेको नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिई कार्यान्वयन गर्दै लगिनेछ।

धन्यबाद ।।।

प्रस्तोता
कल्पना तुम्बाहाम्फे
उपाध्यक्ष
मेरिङदेन गाउँपालिका,
सान्थाक्रा, ताप्लेजुङ